प्रधान कार्यालय
सामान्य सेवा विभाग

**Video Conference System खरिद गर्ने बारे सिलवन्दी बोलपत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७६/०९/१८**
Tender No:NBL/NCB43/076/77

यस बैंकको लागि आबश्यक Video Conference System गोप्य सिलवन्दी बोलपत्र द्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३० दिन भित्र कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागको कार्यालयमा दर्ता भएका इच्छुक फर्म वा सप्लायर्सहरुले यस विभागबाट उपलब्ध हुने बोलपत्र फाराम भरी ३१ दिन (२०७६/१०/१९) भित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त** :

१. खरीद गरिने सामानहरुको Specification एवं विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
२. बोलपत्र फाराम यस बैंकको भुगोल पार्क, काठमाडौं स्थित काठमाडौं बैकिंङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००००१ मा नगद रु.३०००/- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर बुझाई बोलपत्र प्रकाशित भएको मितिले तिस दिन सम्म कार्यालय समय भित्र किन्न पाउनेछ ।
३. बोलपत्र पेश गर्दा फर्म, संस्था वा कम्पनीले कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागको कार्यालयमा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (PAN), अघिल्लो आर्थिक वर्ष सम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
४. बोलपत्रदाताले यस सिलबन्दी बोलपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।
५. बोलपत्रदाताले पेश गरेको बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलि पल्टबाट ९० दिनको हुनेछ ।
६. बोलपत्रदाताले बोलपत्र जमानत बापत रु.७०,०००/- नेपाल बैंक लिमिटेड, काठमाडौं बैकिंङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८०००००००१ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा जम्मा गर्नुको कारण वा विवरण र कम्पनीको नाम खोल्नु पर्नेछ) गरेको सक्कल भौचर वा सो रकम वरावरको अन्य वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेण्टी अनिवार्य रुपले पेस गर्नु पर्नेछ । १२० दिन भन्दा कम अवधिको बैंक ग्यारेण्टी संलग्न भएको बोलपत्र स्वत: रद्द हुनेछ । बोलपत्र स्वीकृत भएमा बोलकवोल रकमको ५% कार्य सम्पादन जमानत (नगद) दाखिला गरेको भौचर वा बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।
७. बोलपत्रहरु यस सूचना प्रकाशित भएको मितिले एकतिसौं दिनको (२०७६/१०/१९) ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभागमा खोलिनेछ । यदि बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त बोलपत्रहरु विना कारण आशिंक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
८. बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सोही अनुसार सोको भोलिपल्ट अन्तिम दिन वा खोल्ने दिन कायम हुनेछ ।
९. कुनै पनि सर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।
१०. बोलपत्र फाराममा दर रेट अंक एंव अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा लेखेको फरक हुन गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
११. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्नको लागि बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त हुनु अगावै सिलबन्दी निवेदन दिन सक्नेछ । साथै निवेदन दिंदा सिलबन्दी खाम बाहिर बोलपत्र प्रस्तावको विषय, बोलपत्र प्रस्ताव आव्हान गर्ने कार्यालयको नाम र ठेगाना, बोलपत्र प्रस्ताव संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय उल्लेख गर्नुपर्नेछ ।
१२. बोलपत्र पेश गर्नेले पालना गर्नुपर्ने नियम एवं सर्त सुविधाहरु यो सूचनाको अभिन्न अंग मानिनेछ र सो बोलपत्र फारामसँगै प्राप्त गर्न सकिनेछ ।